# कागेश्वरी मनोहरा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल

फोन नं.: ०१-४४५१२४२
फ्याक्स: ०१-४४५०३५६
टोल फ्रि नं.: १६६००१२७७७७


पत्र संख्याः ०७७/७८

च.नं. 2095

मितिः २०७७।०९।०६

श्री विषयगत शाखाहरु,
सवै,
श्री वडा कार्यालयहरु,
सवै,
कागेश्वरी मनोहरा नगरपालिका ।

**विषयः मापदण्ड कार्यान्वयन सम्वन्धमा ।**

प्रस्तुत विषयमा सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ र सो को कार्यान्वयन गर्ने सम्बन्धमा यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट भएको निर्देशन यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । तहाँ शाखा/कार्यालयबाट सञ्चालन हुने कार्यक्रम क्रियाकलाप कार्यान्वयन गर्ने सन्दर्भमा मापदण्डको पूर्ण पालना गर्ने/गराउने व्यवस्था मिलाउनु हुन अनुरोध छ ।

(सीता अधिकारी)
अधिकृतस्तर आठौं

श्री प्रशासन शाखा

१. विषय गम्भीर र संवेदनशील छ। हामीले कार्यसम्पादन गर्दा यसको परिपालना अनिवार्य छ। कतिपय दफाहरुको पालना नगर्दा नगरपालिकाको ख्याति/प्रतिष्ठामाथि असर पर्ने र आर्थिक कारोबार बेरुजु समेत हुन सक्ने भएकाले सबै वडाहरु, विषयगत शाखाहरुमा राम्रो संग अध्ययन गरी आफूले सम्पादन गर्ने कार्यमा यी प्रावधानको परिपालना गर्न निर्देशन दिने। कार्यक्रम तय गर्दा, सञ्चालन गर्दा एवं भुक्तानी गर्दा समेत पालना गर्नुपर्ने देखिन्छ। सोही बमोजिम गर्न परिपत्र गर्ने। ब

२. कार्यालयको Web-site मा राखिदिने।

३. न्यायिक समितिको सचिवालय समेतमा जानकारी तथा कार्यान्वयनका लागि पठाउने।

४. कतिपय दफाको कार्यान्वयन सम्पन्न नगरेमा हुनजाने हानी नोक्सानीका लागि सम्बन्धित शाखा प्रमुख हुने भएकाले आ-आफ्ना शाखा संग सम्बन्धित प्रतिवेदन समयमै सम्बन्धित निकाय/पदाधिकारी समक्ष पेश गर्नुपर्ने गरी अनिवार्य व्यवस्था मिलाउने।

[signature]
२०७७/३/६